# प्रार्थनाका केही महत्वपूर्ण विधिहरू

[ **नेपाली -** Nepali - نيبالي ]

**अतीकुर्रहमान मो.इदरीस खान मक्की**

2013 - 1434

IslamHouse.com

# طريقة الدعاء

« باللغة النيبالية »

عتيق الرحمن محمد إدريس خان مكي

2013 - 1434

IslamHouse.com

सर्वाधिकार लेखकमा सुरक्षित छ ।

بسم الله الرحمن الرحيم

الحمد لله و الصلاة و السلام على نبينا محمد و على آله و صحبه أجمعين

**सम्पूर्ण प्रशंसा अल्लाहीको लागी हो। र दरूद र सलाम उनका दूत्त महुम्मद् र उनका परिवार र साथीहरुमाथि होस्।**

## बिस्मिल्लाहिर्रहमानिर्रहीम

समस्त प्रशंसा त्यस अल्लाहका लागि छन् जुन सम्पूर्ण जगतको स्वामी हो, र शान्ति होस् अल्लाहको अन्तिम संदेष्टा मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम माथि र उहाँको घरवालाहरू र संपूर्ण साथीहरू माथि ।

प्रिय पाठकहरू ! यो विशाल संसारमा बस्ने समस्त प्राणीहरू मध्ये उत्कृष्ट प्राणी मनुष्य हो, अल्लाहले मनुष्यलाई अफ्नो प्रतिनिधि बनाएर यस संसारमा पठाएको छ । र मनुष्यको लागि नै संसारका समस्त सृष्टिलाई उत्पन्न गरेको छ, ताकि मनुष्य त्यसको उपभोग गरोस्, र अल्लाहको कृतज्ञता प्रकट गरोस् । हामी सबैलाई यो थाहा छ कि यस संसारमा कुनै पनि मनुष्य यस्तो छैन जुन यो भन्न सकोस् कि मेरो सबै मनोकामना पूर्ण भई सक्यो र मलाई अरु केही चाहिन्न । हामी सबैलाई अधिकको अभिलाषा हुन्छ, र हामी आफ्नो परम् दयालु पालनकर्तासित यो आशा राख्छौं कि त्यो हाम्रो जीविकामा र धन सम्पत्तिमा, छोरा छोरीमा र स्वास्थ आदिमा झै वृद्धि गरिदियो भने झन् राम्रो हन्थ्यो । अमीर गरीब, निसहाय समृद्ध, ठूलो सानो, पुरूष महिला सबैलाई अझै अधिक सम्पन्नताको इच्छा हुन्छ । र यस्तो इच्छा गर्नुमा कुनै आपत्ति पनि छैन, र इस्लामीय विधान अनुकूल पनि छ, किनकी अल्लाहले नै हामीलाई अदेश दिनु भएछ कि

परलोकको साथ साथै हामी संसारिक लाभ पनि प्राप्त गरौ । र कुनै वस्तुलाई प्राप्त गर्नुको दुईवटा माध्यमहरू छन् ।

१ - त्यसको लागि प्रयास गर्नु अर्थातः मात्र मलाई यो चाहिन्छ भनेर घरमै न बसीकन् त्यसलाई प्राप्त गर्ने प्रयत्न गर्नु ।

२ - अल्लाहले चाहेमा मात्र त्यो वस्तु प्राप्त हुनेछ, अर्थातः अल्लाहले न चाहेको खण्डमा जति प्रयास र प्रयत्न गरे पनि त्यो प्राप्त हुने छैन, तात्पर्य यो कि त्यो वस्तु प्राप्तिको लागि अल्लाहसित प्रार्थना गर्नु पर्छ ।

अल्लाहले भनेका छनः

अर्थः र तिमीहरूको पालनहार भन्छ म सित माँग म तिमीलाई दिन्छु (सूरः गाफिरः६०)

र आर्को ठाउँमा अल्लाहको फर्मान छः

अर्थः हे नबी (सल्लल्लाहो अलैहे वसल्लम) यदि मेरा भक्तअहरू मेरो बारेमा तिमीसित सोध्छन् भने भनिदेऊ म नजिकै छु । (सूरः बकरहः१८६)

र रसूल (सल्लल्लाहो अलैहे वसल्लम)ले भन्नु भयो " दुआ प्रार्थनाको मूल (तत्व) हो " ।

प्रिय पाठकहरू ! बिना प्रार्थना सबै प्रयास विफल भई जान्छ, र समस्त संसारका सृष्टि एकजुट र एकमत भए पनि अल्लाहले न चाहेको खण्डमा एउटा कण पनि प्राप्तगर्न सक्दैनन्, यसै कारण म हाम्रा पाठकहरूलाई यो परामर्श

दिन्छु कि उनीहरू अल्लाहसित प्रार्थना गरुन् र अभिमानी नबनुन्, अल्लाह अभिमानीलाई मनपराउँदैन ।

तर प्रार्थना कसरी गरिन्छ? प्रार्थना स्वीकार्य हुनुको के केही विधिहरू छन् ? अथवा जसो गरे पनि प्रार्थना स्वीकृत हुन्छ ? यसै बारे केही विधिहरू तपाईहरूको सामुन्ने राख्ने सहास गरेको छु यस आशाको साथ कि अल्लाह यसबाट समस्त सृष्टिलाई लाभ पुर्याई मलाई आफ्नो दयाको पात्र बनाउन् ।

<u>दुअ ( प्रार्थना) अस्वीकृत हुने केही मुख्य कारणहरूः</u>

१- अल्लाहसंग कसै आर्कालाई पनि प्रार्थनामा सहभागी गर्नु ।

२- हराम वस्तु प्राप्तिको प्रार्थना गर्नु ।

३- अनाहक कसैमाथि श्रापको प्रार्थना गर्नु ।

४- अल्लाहको चाहनासंग प्रार्थनालाई संलग्न गर्नु अर्थात यो भन्नु कि यदि अल्लाह चाहोस् भने देओस् ।

५- हृदय उपस्थित नभएको अवस्थामा प्रार्थना गर्नु ।

६- वर्जित कार्य निरन्तर्ताले गर्नु वा हराम लुगा लगाई व हराम भोजन अदि खाई प्रार्थना गर्नु ।

७- मुहम्मद (सल्लल्लाहो अलैहे वसल्लम) को पद्धतिलाई छाडि आर्को तरिकाले प्रार्थना गर्नु । आदि .......

<u>प्रार्थना स्वीकार्य हुनुको केही मुख्य कारणहरूः</u>

१- प्रार्थना गर्नु भन्दा अघि अल्लाहको गुणगान एवं प्रशंसा गर्नु ।

२- मुहम्मद (सल्लल्लाहो अलैहे वसल्लम) माथि दरूद पठाउनु ।

३- प्रार्थना गर्नु भन्दा अघि दान गर्नु ।

४- प्रार्थना अनुकूल अल्लाहको विशेषताहरूको माध्यमले दुआ गर्नु ।

५- आफ्नो पापहरूको क्षमायाचना गर्नु ।

६- अल्लाहले प्रदान गरेको अनुकम्पा माथि त्यसको आभार प्रकट गर्नु ।

७- प्रार्थनाको समाप्ति मुहम्मद (सल्लल्लाहो अलैहे वसल्लम) माथि दरूद पठाउँदै गर्नु ।

८- पूर्ण निष्ठाको साथ प्रार्थना गर्नु ।

<u>केही विशेष समयहरू जुन समयहरूमा प्रार्थना स्वीकारहुने सम्भावना अधिक हुन्छः</u>

१- रात्रीको तेस्रो प्रहारमा ।

२- अजान र इकामतको बीचको अवधिमा ।

३- सज्दा (ढोग)को समय ।

४- वजू पश्चात ।

५- पूण नमाजमा विशेष गरी तशह्हुद र सज्दामा ।

६- नमाज पश्चात ।

७- कुरआनलाई समाप्त गरेपछि ।

८- यात्रामा

९- कष्टको समय ।

१०- जुमअःको दिन ।

११- रोजा खोल्ने समय । आदि ......

<u>के अरबीमा प्रार्थना गर्नु अनिवार्य छ ?</u>

अल्लाह सर्वलौकिक र समस्त भाषालाई सुन्ने र त्यसको उत्तर दिने सर्वगुण सम्पन्न हो । र यो उस महान शक्तिशालीको विशेषताहरू मध्ये एक हो, अर्थात अल्लाह सबै भाषामा प्रार्थनालाई सुन्छ र त्यसलाई गुहार्नेहरूको सहायता गर्छ, त्यसैले अरबी भाषामा प्रार्थना गर्नु अनिवार्य छैन मनुष्य कुनै भाषामा पनि प्रार्थना गर्नसक्छ ।

प्रिय पाठकहरू ! उप्रोक्त वर्णन गरिएका महत्वपूर्ण विधिहरू तपाईको लागि लाभदायक होला यस्तो मलाई अशा छ । र हामी सबैलाई यो थाहा छ कि सबैलाई यस संसारमा कुनै न कुनै कष्ट अइपुग्छ, अनि त्यो अफ्नो पूज्यसित प्रार्थना अवश्य गर्छ, तर प्रार्थनाबारे परिपूर्ण जानकारी न हुनले कदाचित प्रार्थना स्वीकार्य हुनुमा बाधा आई पुग्छ, यो सानो निबन्ध मैले यसै जिज्ञासाको साथ लेखेको छु कि यदि कसैलाई पनि यसबाट लाभ पुग्यो भने मेरो यो सानो प्रयास सफल भयो ।

हे प्रिय पाठकहरू ! हामी सबै अल्लाह समक्ष भिक्षुक हौ उही नै सबैलाई प्रदान गर्छ तसर्थ उसैसित माँग्नु, कसै पीर, वली, नबी, पाखण्डी अदिहरूमा कुनै वस्तु दिने शक्ति छैन । दाता केवल अल्लाह हो, बहुदेववादीको प्रार्थना कदापि स्वीकार्य

**हुँदैन, तसर्थ बहुदेववादसित टाढा रहनु, र जुन बखत समस्त संसार निदाएको हुन्छ त्यसै बखत आफ्नो पालनहारलाई गुहार्नु मलाई विश्वास छ तपाईको प्रत्येक मनोकामना पूर्ण हुनेछ ।**

**अल्लाह हामी सबैको प्रार्थना स्वीकार गरुन् (आमीन)**

**प्रार्थीः**

**अतीकुर्रहमान मो. इदरीस खान मक्की**

**कपिलवस्तु नगरपनलिका महुवा वार्ड न.९ तौलिहवा**

**कपिलवस्तु नेपाल**

**मो.००९७७ ९७२७६४९२३८**